# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि

## आ.व. २०७६/०७७

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत

२०७६

सचिव

मन्त्री

विषय सुचि


कार्यविधिको मार्गदर्शक सिद्धान्तहरु......3

१. हेलिप्याड निर्माण......5

२. प्रदेशले पहिचान गरेका पर्यटकीय गन्तव्यको पुर्वाधार विकास निर्माण......6

३. भेरी, कर्णाली र तिला नदिमा जलयात्राको पुर्वाधार विकास......6

४. पर्यटकीय गन्तब्यहरुको सुधार गरी पर्यटनमैत्री सुविधा विस्तार तथा सम्भाब्यता अध्ययन......7

५. पर्यटन सडक निर्माण तथा सुधार......9

६. ताल सिमसार संरक्षण र व्यवस्थापन......10

७. पर्यटकिय महत्वका धार्मिक एबम् ऐतिहासिक स्थलहरुको पुर्वाधार निर्माण......11

८. प्रदेशका विभिन्न स्थानहरूमा पार्क तथा बवईमा कर्णाली स्वागतद्वार निर्माण......12

९. शिक्षा स्वास्थ्य तथा सामाजिक सेवासँग सम्बन्धित प्रतिष्ठानहरुको पुर्वाधार विकास......13

११. लघु तथा घरेलु उद्योग मार्फत महिला, युवा, दलित, जनजाती, अपागं तथा अति विपन्न लक्षित वर्ग रोजगार कार्यक्रम......14

१९. ठुला उद्योग स्थापनाको लागी पहुँचमार्ग तथा उद्योगमैत्री पुर्वाधार विकास......15

२२. बायो ईन्जिनियरिगं प्रविधि बाट एकीकृत भू तथा जलधार संरक्षण......15

२३. ओखर टिमुर जैतुन रिठ्ठा लौठ सल्ला चिराइतो, केसर समायो अलैची अर्गेली, अलमोन्ड, देबदार लगायत फलफुल जडिबुटीहरुका वृक्षारोपण गरी खाली क्षेत्रमा दिगो वन व्यवस्थापन तथा वातावरण संरक्षण गर्ने......18

२४. सा व को संस्थागत विकासको लागि सामाजिक परिचालन कार्यक्रम (प्याकेज)......19

२५. प्लाष्टिकको झोलाको विकल्पको रुपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन कार्यक्रम -प्रदेश राजधानीलाई प्लाष्टिक मुक्त वनाउने अभियान लगायत वातावरण, जलवायू परिवर्तन र विज्ञान तथा प्रविधि......21

२५.१ प्लाष्टिकको झोलाको विकल्पको रुपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन कार्यक्रम-प्रदेश राजधानीलाई प्लाष्टिक मुक्त वनाउने अभियान......21

२५.२ मन्त्रालयको डाटावेस (एम.आइ.एस.) तयारी तथा संचालन......22

२५.३ दुनै बजार डोल्पामा सि.सि.टि.भि क्यामरा जडान......22

२६. क्रमागत योजनाहरु उच्च प्रविधिको नर्सरी स्थापना......23

२७. सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी......24

२८. हाइटेक नर्सरी व्यवस्थापन, योजना तर्जुमा तथा समिक्षा वातावरणि प्रभाव अध्ययन डिभिजन वन कार्ययोजना निर्माण......25

२८.१ हाईटेक नर्सरी व्यवस्थापन......25

२८.२ वार्षिक समिक्षा गोष्ठी......25

२८.३ योजना तर्जुमा गोष्ठी......25




सचिव

२८.४ वातावरणिय प्रभाव अध्ययन ....................26
२८.५ प्रादेशिक जैविक विविधता प्रोफाइल निर्माण ....................26
२८.६ पञ्चवर्षिय कार्ययोजना निर्माण ....................26
२९. वन विकास कार्यक्रम ....................27
२९.१ सामूदायिक वन कार्ययोजना नविकरण (विपन्न वर्ग, दलित, महिला, जनजाती प्रति लक्षित कार्यक्रम र जलबायु परिवर्तन अनुकुलन) ....................27
२९.२ कवुलियती वन समुहको कार्ययोजना पुनरावलोकन (जिविकोपार्जन योजना समेत समावेश) ....................27
२९.३ निजी वन गठन तथा हस्तान्तरण सहयोग ....................28
२९.४ कार्यक्रम समीक्षा र योजना तर्जुमा गोष्ठि जिल्लास्तरमा ....................28
२९.५ वन व्यवस्थापन फिल्ड अभ्यास ....................28
२९.६ डि.एफ.सि.सि र अन्य समन्वयात्मक बैठक संचालन ....................29
२९.७ ढलापडा संकलन ....................29
३१. पञ्चकोशी कोटिला ताल निर्माण ....................30
३५. दुर्गम क्षेत्र (हुम्ला,मुगु तथा डोल्पा) का जेष्ठ नागरिक तथा पुर्ण अपांगता भएका व्यक्तिलाइ हवाई टिकटमा सहुलियत ....................31
३७. मानव वन्यजन्तु द्धन्द्धको अवस्था अध्ययन गरी प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण ....................32
अनुसूचिहरु ....................33
अनुसूचि १ अनुगमन तथा सूपरीवेक्षण ....................33
अनुसूचि २ भूक्तानि प्रक्रिया ....................33
अनुसूचि ३ कार्यक्रम पाश्वचित्र (Activity Profile) ....................34

सचिव

मन्त्री

## कार्यविधिको मार्गदर्शक सिद्धान्तहरु

कर्णाली प्रदेश सरकारको चालु आ. व. २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार यस मन्त्रालयले सञ्चालन गर्ने गरी स्वीकृत वार्षिक कार्यक्रमहरु सम्पन्न गर्न यो कार्यक्रम कार्यान्वयन कार्यविधी तयार गरीएको छ । कार्यक्रमको उद्देश्य अनुरुप प्रभावकारी ढंगले संचालन गर्ने अभिप्रायले यो कार्यविधी तयार पारिएको हो । निम्न विषयहरुलाई यस कार्यविधिको मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

- कार्यक्रम संचालन गर्दा मितव्ययी, जिम्मेवारीता, पारदर्शिता, जनसहभागीताको सिदान्तको आधारमा प्रभावकारी ढंगले गरी लाभग्राहि समुदायलाई अधिकतम फाईदा र रोजगारी श्रृजना हुने गरी संचालन गरीनेछ ।
- यस कार्यक्रम अन्तर्गत सञ्चालन गरीने क्रियाकलापहरुको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ । अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने हो भने प्रचलित ऐन नियम तथा कानुनले तोकेको मापदण्ड पुरा गरी भोगाधिकार लिए पश्चात कार्यक्रम संचालन गरीनेछ । जग्गा व्यवस्थापनको जिम्मेवारी मन्त्रालय तथा अन्तरगतका निकायको समेत रहनेछैन ।
- प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भूक्तानी हुनेछ ।
- संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन सम्वन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।
- कार्यविधिमा उल्लेखित प्रावधानहरु कार्यक्रम सञ्चालनको दौरानमा नेपाल सरकार तथा प्रदेश सरकारवाट जारी भएका ऐन नियम तथा प्रचलित ऐन नियममा बाझिन गएमा बाझिएको हदसम्म सोही ऐन नियम बमोजिम नै हुनेछ ।
- यो कार्यविधि पालना तथा कार्यक्रम कार्यन्वयनको क्रममा मन्त्रालयले सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ र मन्त्रालयले दिएको निर्देशन पालना गर्नु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।
- सम्भव भए सम्म पूर्वाधार निर्माणसँग सम्बन्धीत योजनाहरु सम्पन्न भए पश्चात स्थानीय तहलाई व्यवस्थापन तथा मर्मत सम्भारको लागि जिम्मा दिने व्यवस्था गर्न पहल गर्ने ।
- पूर्वाधार निर्माणका योजना सम्पन्न भए पश्चात उक्त स्थल वा क्षेत्रमा व्यवस्थापन समीति मार्फत प्रवेश शुल्कको प्रावधान राखी सो बाट संकलन भएको रकम मर्मत सम्भार तथा फोहोर व्यवस्थापन गरि दिगोपनाको सुनुश्चित गर्न सकिन्छ ।
- अनुसूचि १, २ र ३ मा उल्लेख भए अनुसार कुनै योजना तथा कार्यक्रमरुको अनुगमन तथा सुवरिवेक्षण, भूक्तानि प्रक्रिया, र कार्यक्रम पाश्वचित्र (Activity Profile) तयारी अनिवार्य रूपमा गर्ने गराउने ।

सचिव

१. हेलिप्याड निर्माण

पृष्ठभूमी

कर्णाली प्रदेशको अधिकांश भूभाग विकट र दुर्गम छ । सडक पहुँच नभएकाले विपद् व्यवस्थापन र आपतकालिन सेवा सुविधा र साँस्कृतिक तथा धार्मिक महत्वका तिर्थस्थलहरुमा पहुँच कठिन भई पर्यटन प्रवर्धनमा पनि समस्या देखिएको छ । त्यसैले विपदमा परेका स्थानिय समुदायहरु, तिर्थयात्री, बिरामी तथा समस्यामा परेका पर्यटकको उद्धार गर्न र राहत वितरण कार्यलाई सरल र शिघ्र तुल्याउन हेलिप्याड निर्माण कार्यक्रम तर्जुमा गरिएको छ ।

उद्देश्य

- उद्धार र राहत कार्यलाई शिघ्र र प्रभावकारी सुलभ बनाउने ।
- पर्यटक तथा तिर्थयात्रीहरुको आवागमनलाई सहज र सुलभ तुल्याउने ।

कार्यक्रम कार्यान्वयन विधि

- यस कार्यक्रमको कार्यान्वयन उपभोक्ता समिति मार्फत गरिनेछ । उपभोक्ता समिति गठन तथा अन्य कार्य उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था वमोजिम गरिनेछ ।
- हेलिप्याड निर्माणका लागि स्थान छनौट गर्दा कार्यान्वयन गर्ने निकायले स्थानीय सुरक्षा निकाय, सरोकारवाला तथा स्थानीय तहका पदाधिकारी समेतको परामर्श लिन सकिनेछ ।
- निर्माण पश्चात यसको दिगोपनाको लागि उपभोक्ता समिति र सम्बन्धित निकायले उक्त निर्माण कार्यको दिगोपना तथा सुरक्षाको व्यवस्थापन गर्नुपर्नेछ ।

बजेट

यो कार्यक्रम हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट र रुकुममा संचालन हुनेछ र यसका लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

सचिव

## २. प्रदेशले पहिचान गरेका पर्यटकीय गन्तव्यको पुर्वाधार विकास निर्माण

प्रदेश सरकार पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पृष्ठभूमी

मन्त्रालयले पहिचान गरेका १०१ पर्यटकीय गन्तव्यहरु मध्ये ४० वटा गन्तव्य स्थलको आवश्यक पूर्वाधार विकास गरी कर्णाली प्रदेशको पर्यटकीय क्षेत्रको विकास विस्तार र प्रवर्द्धन मार्फत आर्थिक समृद्धीमा टेवा पुर्याउने दिर्घकालिन उद्देश्य सहित यो कार्यक्रम समावेश गरिएको छ ।

उद्देश्य

- पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास मार्फत पर्यटकीय आवतजावतलाई सहज बनाउने,
- पर्यटकीय पूर्वाधार विकास मार्फत रोजगारी अभिवृद्धी गर्ने,
- पर्यटकीय गन्तव्यहरुको सरक्षण तथा सम्वर्द्धनमा टेवा पुऱ्याउने ।

कार्यक्रम कार्यान्वयन विधि

छनौट भएका गन्तव्य स्थलहरु पूर्वाधार निर्माणको लागि सम्बन्धित क्षेत्रका उपभोक्ताहरुबाट **उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५** बमोजिम उपभोक्ता समिति मार्फत वा प्रचलित कानून बमोजिमको खरिद प्रक्रिया पुरा गरी निर्माण कार्य सञ्चालन गरिनेछ ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु. २५ करोड बजेट विनियोजन गरिएको छ ।

## ३. भेरी, कर्णाली र तिला नदिमा जलयात्राको पुर्वाधार विकास

पृष्ठभुमी

कर्णाली प्रदेश अन्तर्गतका भेरी, कर्णाली र तिला नदिमा जलयात्राको लागि आवश्यक पूर्वाधारको निर्माण, स्थानीय रोजगारी अभिवृद्धी तथा दिगो जलयात्राको व्यवस्थापन मार्फत पर्यटन क्षेत्रको विकासमा टेवा पुर्याउने हेतुले यो कार्यक्रम समावेश गरिएको छ ।

उद्देश्य

- जलयात्राको लागि आवश्यक पूर्वाधार निर्माण गर्न,
- जलयात्रा मार्फत पर्यटन क्षेत्रको विकास गरि रोजगारी श्रृजना गर्न,
- आन्तरीक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने ।

सचिव

मन्त्री

कार्यक्रम कार्यान्वयन कार्यविधि

जलयात्राका लागि कार्यक्रम कार्यान्वयन गर्ने निकायले कार्यक्षेत्रगत शर्तहरु समेत तोकी सेवा खरिद प्रकृयाबाट कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रममा निम्न क्रियाकलापहरु संचालन हुनेछ ।

- जलयात्रा गराउने परम्परागत जातजाती (जस्तै माझी) को क्षमता विकासका कार्यक्रम गरिनेछ,
- जलयात्राको लागि नदि किनारामा आवश्यक विश्राम स्थलहरु, सुरुवात तथा अन्तिम गन्तव्य स्थानहरुका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ,
- जलयात्राका लागि नदिस्थलमा जोखिमको अवस्था हेरी त्यस्ता स्थानहरुमा सुरक्षा लगायतका अन्य संकेतहरु राख्ने कार्य गरिनेछ ।

बजेट

यो कार्यक्रम जुम्ला, डोल्पा, दैलेख, सुर्खेत र रुकुममा संचालन हुनेछ र यसका लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ ।

## ४. पर्यटकीय गन्तब्यहरुको सुधार गरी पर्यटनमैत्री सुविधा विस्तार तथा सम्भाब्यता अध्ययन

पृष्ठभुमी

धार्मिक, साँस्कृतिक, भौगोलिक तथा प्राकृतिक विविधता लगायतका पर्यटकीय सम्भाव्यतालाई प्रदेश समृद्धीको आधारको रुपमा विकास गर्न पर्यटकीय स्थलहरुलाई आवश्यक पूर्वाधार निर्माण गरी पर्यटन क्षेत्रको संरक्षण, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पदमार्ग लगायतका पूर्वाधार निर्माण गर्न यो कार्यक्रम समावेश गरिएको छ ।

उद्देश्य

- पहिचान भएका वा सम्भाव्य पर्यटकिय गन्तव्यहरुको पहिचान गरि त्यस्ता गन्तव्यहरूमा आवश्यक पदमार्ग निर्माण, स्तरोन्नती, सेवा विस्तार लगायतका कार्य गरी पर्यटन प्रवर्द्धन गर्ने।
- पर्यटकिय गतिविधि अभिबृद्धि गरी जनताको जिवन स्तरमा सुधार ल्याउने।

कार्यक्रम संचालन विधि

- कार्यक्रम संचालन पुर्व स्थानिय तहका पदाधिकारी, स्थानिय अगुवा तथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम संचालनको आधार तयार गर्ने,
- सर्भे डिजाइन, लगत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित कानुन बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गर्ने,
- लगत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषणको लागि जिल्ला स्थित भौतिक तथा पूर्वाधार विकास कार्यालयहरुसंग समेत समन्वय गरी कार्य सञ्चालन गर्न सकिनेछ ।



सचिव

* पर्यटकिय सेवा विस्तार गर्न सम्भाव्यता अध्ययनको लागि परामर्श सेवा खरिद गरि गरिनेछ।

यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन हुनेछ ।

* पदमार्गमा आवश्यक विश्राम स्थल, सुरक्षा संकेत, पुल साँघु लगायतका आवश्यक सुविधा तथा पूर्वाधारहरुको निर्माण गर्ने,
* पैदल मार्गमा भुक्षय तथा पहिरो नियन्त्रण, पदमार्ग अवरुद्ध पार्ने झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,
* कुलो भेल पानीलाई किनार तर्फ सोज्याउने, बाटो समथर पार्ने
* उकाली ओरालीमा ढुङ्गा छाप्ने ससाना खोल्सीमा फड्के वा स-सानो कलभर्ट निर्माण गर्ने
* बाटोमा ठाउँ ठाउँमा स्वच्छ खानेपानी र शौचालय निर्माण गर्ने र आवश्यकता अनुसार इन्जिनियरिङ्ग डिजाइन गरी स्लोप ग्रेडियन्ट मिनिमाइज गरी उकालोमा खुड्किला, स्टेपिङ्ग बनाइ ढुङ्गा बिछ्याइ पानीको निकासलाई च्यानलाइज गरी पूर्वाधार निर्माण गर्ने ।
* निम्न पदमार्गहरुको योजना दस्तावेज सहितको सम्भाव्यता अध्ययन गर्ने :

  क) रारा देखि तिहारवगर, चितइगाउँ, डोल्पुगाउँ, शे-गुम्बा हुँदै फोक्सुन्डो तालसम्मको पर्यटकीय पदमार्ग,

  ख) रारा देखि चंखेलीहुँदै सर्केगाड,सिमिकोट, लिमी उपत्यका हुँदै हिल्सासम्मको पर्यटकीय पदमार्ग(कर्णाली हिमालयन पदमार्ग),

  ग) सिस्ने (पूर्वी रुकुम), मुसिकोट, रिम्नावगर, जलजला जाजरकोट, चन्दनाथ हुँदै रारासम्मको पर्यटकीय पदमार्ग (गुरिल्ला पदमार्ग),

  घ) जुफाल, साईकवारी, रुपपाटन, सुनदह, सहरतारा तातोपानी, लासीक्याप, व्यासऋषि चौरीरोमन, फोक्सुन्डो ताल हुँदै मुकुटेश्वर हिमाल, त्रिपुरासुन्दरी, जुफाल सम्मको पर्यटकीय पदमार्ग ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु. ११ करोड ४० लाख बजेट विनियोजन गरिएको छ ।

सचिव

## ५. पर्यटन सडक निर्माण तथा सुधार

पृष्ठभुमि

कर्णाली प्रदेश भित्र रहेका ग्रामीण क्षेत्रका पर्यटकीय महत्वका क्षेत्रहरुको पहिचान गरी सरल र सुलभ पहुँचका लागि पर्यटन सडक आवश्यक भएकोले यस प्रदेशमा पर्यटन सडक निर्माण एवं सुधार गरी पर्यटन प्रवर्धन गनुपर्ने देखिन्छ ।

उद्देश्य

- पर्यटक आवत जावतमा सहजता ल्याई ग्रामीण पर्यटन प्रवर्धन गर्ने ।
- स्थानीय रोजगार वृद्धि गरी ग्रामीण जीविकोपार्जनमा सहजता ल्याउने ।
- पर्यटकीय क्षेत्रको पहिचान र महत्व विस्तार भई राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुर्याउने ।

कार्यक्रम कार्यान्वयन कार्यविधि

- प्राविधिकबाट योजनाको लागत अनुमान, सर्भे डिजाइन, लेआउट, वायोईन्जिनियरिङ लगायतका सम्भाव्यता अध्ययन सहितको योजना दस्तावेज तयार गरी स्वीकृत गराउने ।
- यस कार्यक्रमका लागी आवश्यकता अनुसार संक्षिप्त वातावरणीय प्रतिवेदन तयार गर्नुपर्ने छ।
- स्विकृत लागत अनुमान बमोजिमको कार्य बोलपत्र आव्हान गरी वा उपभोक्ता समिति मार्फत संचालन गर्ने ।
- सम्बन्धित स्थानिय तहको समन्वयमा योजना कार्यान्वयन गर्ने।
- योजनाको गुणस्तर कायम राख्न, समय समयमा पृष्ठपोषणका लागि सम्बन्धित सब डिभिजन वन कार्यालयलाई जिम्मेवारी दिने ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु. १५ करोड बजेट विनियोजन गरिएको छ ।

सचिव

मन्त्री

## ६. ताल सिमसार संरक्षण र व्यवस्थापन

पृष्ठभूमी

ताल तथा सिमसार क्षेत्र पारिस्थितिकिय प्रणालीको एक प्रमुख अंग रहि आएको छ । यस अन्तर्गत जैविक विविधताको संरक्षण, संबर्द्धन र विकासका लागि ताल, तलैया, नदि, पोखरी, पानी मुहान आदिको समुचित संरक्षण गर्नुपर्ने देखिन्छ । सोहि सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत रहेका ताल तथा सीमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी दिगो विकासमा टेवा पुर्याउनुका साथै पर्यापर्यटन गतिविधिमा अभिवृद्धि गरि स्थानिय जिविकोपार्जनमा सुधार हुने भएकाले यो कार्यक्रम तर्जुमा गरिएको छ।

उद्देश्य

- सिमसार क्षेत्रको व्यवस्थापनका साथै जैविक विविधता संरक्षण गर्ने,
- पर्यापर्यटन विकास गरि स्थानिय जिविकोपार्जनमा सहजता ल्याउने,

कार्यक्रम कार्यान्वयन कार्याविधि

- कार्यक्रम संचालन गर्दा स्थानीय उपभोक्ता एवं आवश्यकता अनुसार स्थानीय तहसंग समेत समन्वय र सहकार्य गरी के कस्तो कार्यक्रम संचालन गर्ने हो सो को प्रारम्भिक अध्ययन गरी निक्यौंल गर्नु पर्दछ ।सो पश्चात संचालन गर्नुपर्ने कृयाकलाप पहिचान भै सकेपछि सो अनुरुपको डिजाईन तथा लागत अनुमान तयार गरी कार्यक्रम संचालन गरीनेछ । संरचना निर्माणको कार्य उपभोक्ता समिति मार्फत वा वोलपत्र आव्हान गरी गर्न सकिने छ ।
- यस कार्यक्रमको रकम ताल, सिमसार पानी मुहान एवं तीनको वरिपरिको मिचाहा प्रजाती था झाडी हटाउने, फोहोर सरसफाई गर्ने, वृक्षारोपण, संरचना निर्माण लगायतको कार्यमा खर्च गर्न सकिनेछ।
- ताल सिमसार क्षेत्र भित्र संरक्षणका कार्यहरु जस्तै पहिरो रोकथाम, चेकड्याम निर्माण, माटो कटान नियन्त्रण लगाएतका कार्य गर्न सकिनेछ ।

बजेट

यो कार्यक्रम जुम्ला, कालिकोट, जाजरकोट, डोल्पा र मुगुमा संचालन हुनेछ र यसका लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ ।

सचिव

## ७. पर्यटकिय महत्वका धार्मिक एबम् ऐतिहासिक स्थलहरुको पुर्वाधार निर्माण

पृष्ठभुमि

कर्णाली प्रदेशमा पर्यापर्यटन प्रवर्धनका धार्मिक एवं ऐतिहासिक स्थलहरुले अहम भूमिका रहेको छ। त्यस किसिमका मौजुदा पर्यटकीय महत्वका धार्मिक एवं ऐतिहासिक स्थलहरुको पूर्वाधार निर्माण तथा स्तरोन्नति गरि धार्मिक पर्यटनको सम्भावनालाई समेत बढावा दिनुपर्ने आवश्यकता रहेको छ । त्यसैले यस प्रदेश अन्तर्गत रहेका ऐतिहासिक तथा धार्मिक क्षेत्रहरुको पूर्वाधार निर्माणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

उद्देश्य

- धर्म, सँस्कृति तथा ऐतिहासिक स्थलहरूको संरक्षण तथा जगेर्ना गर्न,
- धार्मिक एवं ऐतिहासिक सम्पदाको प्रचार प्रसार गरि बाह्य तथा आन्तरिक पर्यटकको संख्या वृद्धि गराउने,
- स्थानीय रोजगारी र आयमा वृद्धि गर्न ।

कार्यक्रम सञ्चालन कार्यविधि

यो कार्यक्रम अन्तरगत धार्मिक एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण, निर्माण तथा जिर्णोद्धार गर्ने कार्यहरु पर्दछन । त्यसका साथै धार्मिक पर्यटनको लागि धर्मशाला निर्माण, तारवार, प्रचारप्रसार, खानेपानीको व्यवस्था, विद्युतको पहुँच पुर्याउनको लागि कार्य समेत गर्न सकिन्छ ।

- कार्यक्रम संचालन पुर्व स्थानिय तहका पदाधिकारी, धार्मिक समिति, स्थानिय अगुवा तथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम संचालनको आधार तयार गरीनेछ ।
- लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ ।
- संरचना निर्माण गर्दा स्थानिय कला संस्कृती झल्कने गरी वातावरणमैत्री हुनेगरी निर्माण गरीनेछ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु. ८ करोड बजेट विनियोजन गरिएको छ ।

सचिव

## ८. प्रदेशका विभिन्न स्थानहरूमा पार्क तथा बवईमा कर्णाली स्वागतद्वार निर्माण

पृष्ठभुमि

बढ्दो शहरीकरणको साथै प्रदुषणका कारण शान्तिपूर्ण वातावरणको खोजि गर्दै मनोरञ्जनका लागी घुम्न, टहल्न र प्रकृतिमा रमाउने वातावरण तयार गरि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न पार्क निर्माण गर्ने र कर्णाली प्रदेशको सिमा प्रारम्भ हुने स्थान बवईमा अथिति सत्कारका लागि स्वागतद्धार निर्माण को लागि यो कार्यक्रम राखिएको छ।

उद्देश्य

- स्वच्छ वातावरणमा बस्न पाउने जनताको अधिकार सुनिश्चित गर्दै शान्त पर्यटकिय महत्व भएको सम्वन्धित क्षेत्रमा पार्क निर्माण गर्ने ।
- पर्यटकहरूलाई मनोरन्जनका साथै हरियाली प्रवर्धन गराउने ।
- कर्णाली प्रदेशको प्रवेशद्धार बवईमा निर्माण गर्ने ।

कार्यक्रम कार्यान्वयन कार्यविधि

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । उपभोक्ता समिति मार्फत कार्य संचालन गर्न उपयुक्त नदेखिएको अवस्थामा वोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ । उपभोक्ता समिति मार्फत संचालन गर्न **उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५** बमोजिम गरिनेछ । तर अन्यत्र जेसुकै लेखिएता पनि बवईमा बन्ने प्रवेशद्वारको निर्माण वोलपत्र आवह्वान गरि सार्वजनिक खरिद प्रकृयाबाट मात्र गरिनेछ । यस कार्यक्रम अन्तरगत निम्न कृयाकलापहरू सञ्चालन हुनेछ ।

- सम्बन्धित स्थानिय तह, पार्क व्यवस्थापन समिति, वन उपभोक्ता समेत सँग समन्वय गरि योजना सञ्चालन गर्ने,
- निर्माण हुने पार्क भित्र वा वरपर सकेसम्म स्थानीय हावापानीमा हुर्कने र सुहाउदो फलफूल तथा आभुषणीय बिरुवाहरु वृक्षारोपण गरिनेछ ।
- पार्क स्थल भित्र मनोरञ्जनका कृयाकलाप जस्तै पिङ, चिप्लेटि समेत निर्माण गर्न सकिनेछ ।
- बवईमा प्रवेश द्वार निर्माण गर्दा सडक विभाग र स्थानिय तहसँग छलफल तथा समन्वय गरि निर्माण गरिने स्थान छनौट गर्ने सो पश्चात आवश्यक डिजाइन, नाप नक्सा सहित स्विकृत ल.ई. बमोजिम गरिनेछ । उक्त प्रवेशद्वार निर्माण गर्दा कलात्मक तवरले कर्णाली प्रदेशको कला, संस्कृति वा मूख्य पर्यटकिय स्थलहरू झल्कने गरि गर्नुपर्ने छ ।

सचिव

बजेट

यो कार्यक्रम सुर्खेत, कालिकोट, सल्यान र दैलेखमा संचालन हुनेछ र यसका लागि रु ३ करोड बजेट विनियोजन गरिएको छ ।

## ९. शिक्षा स्वास्थ्य तथा सामाजिक सेवासँग सम्बन्धित प्रतिष्ठानहरुको पुर्वाधार विकास

पृष्ठभूमि

कर्णालीका जनताहरुको विभिन्न चरणको आन्दोलन र बलिदानीपूर्ण त्यागको जगमा निर्माण भएको कर्णाली प्रदेशमा रहेका सहिदहरु साथै राष्ट्रसेवाका बखत ज्यान गुमायका सहिदहरु प्रति सम्मान स्वरूप उनिहरूको स्मृतिमा प्रतिष्ठानहरु विकास गरि शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवासँग सम्बन्धित कार्यमा सहज पुर्याउने हेतुले तपसिलका कार्यक्रमहरू समावेश गरिएको छ ।

- क्याप्टेन दिनेश स्मृति प्रतिष्ठान, वि.न.पा. सुर्खेत
- सहिद स्मृति प्रतिष्ठान, वि.न.पा. ,सुर्खेत
- हेमलोक स्मृती प्रतिष्ठान, वा.न.पा.२,थारमारे,सल्यान
- मनमोहन पुष्पलाल स्मृती प्रतिष्ठान, सिमिकोट,हुम्ला
- शहिद याम वहादुर वि.सी., वि.न.पा. सुर्खेत
- शहिद मायाराम स्मृति प्रतिष्ठान, दैलेख
- वि.पी स्मृति भवन निर्माण तथा घेरावार, च.न.पा. जुम्ला
- शहिद कर्णाली प्रतिष्ठान स्मृति भवन, खाडाचक्र न.पा. मान्म, कालिकोट

उद्देश्य

- सामाजिक सेवासँग सम्बन्धित कार्यमा सहयोग पुर्याउन,
- पर्यटकिय पूर्वाधारको निर्माण गर्दै पर्यटकिय गन्तव्यको रुपमा विकास गरि जनताको जिवनस्तरमा सुधार ल्याउन,
- स्मृती प्रतिष्ठान मार्फत शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा योगदान दिँदै सहिदहरु प्रति सम्मान गर्न।

कार्यक्रम कार्यान्वयन विधि

- यो कार्यक्रम सञ्चालनका लागी सम्बन्धित स्थानिय तह, स्मृती प्रतिष्ठान समिति, र सम्भव भए सम्म सम्बन्धित सहिद परिवार सँग समेत समन्वय गरि सञ्चालन गर्नु पर्नेछ,
- यस कार्यक्रम अन्तरगत गार्डेनिङ, वाटर फाउन्टेन, शालिक, तारवार, विश्रामस्थल निर्माण, पुराना स्मृति प्रतिष्ठानहरूको संरचनाको विकास र विस्तार तथा प्रचारप्रसार आदि कार्यहरु गर्न सकिनेछ,
- लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ ।

बजेट

यो कार्यक्रम सुर्खेत, कालिकोट, सल्यान, हुम्ला र दैलेखमा संचालन हुनेछ र यसका लागि रु २ करोड बजेट विनियोजन गरिएको छ ।

**११. लघु तथा घरेलु उद्योग मार्फत महिला, युवा, दलित, जनजाती, अपागं तथा अति विपन्न लक्षित वर्ग रोजगार कार्यक्रम**

पृष्ठभूमि

कर्णाली प्रदेशका महिला, युवा, दलित, जनजाती, अपांग तथा अति विपन्न लक्षित वर्गको उद्यमशिलता विकास गरी स्वरोजगार तुल्याउने तथा स्थानीय उत्पादनलाई विकास र विस्तार गर्नका लागि बार्षिक कार्यक्रम राखिएको छ ।

उद्देश्य

- लक्षित समुदायलाई स्वरोजगार हुन उत्प्रेरित गरी गरीबी न्यूनिकरण लघु तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न,
- उर्जाशिल युवा वर्गलाई उत्पादनशिलता तर्फ उन्मुख गर्न,
- विभिन्न परम्परागत तथा मौलिक संस्कृतिसंग सम्बन्धित वस्तुहरुको उत्पादन एवं बजारीकरण गर्न सहयोग गर्न,
- स्थानिय उत्पादनलाई प्रवर्धन गर्न ।

कार्यक्रम कार्यान्वयन विधि

यो कार्यक्रम **युवा तथा लक्षित वर्ग उद्यमशिलता विकासका लागि अनुदान कार्यविधि (पहिलो संशोधन),** २०७६ लाई आधार मानी सञ्चालन गरिनेछ ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु १६ करोड बजेट विनियोजन गरिएको छ ।

सचिव

## १९. ठुला उद्योग स्थापनाको लागी पहुँचमार्ग तथा उद्योगमैत्री पुर्वाधार विकास

प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पृष्ठभूमि

कर्णाली प्रदेशमा स्थापना भई सञ्चालन भएका वा हुने ठुला उद्योग स्थापनाको लागि उपयुक्त वातावरण तयार गरि त्यस किसिमका उद्योगहरू लाई बढावा दिन वा उद्योग अनुकूलित वातावरण तयार गरि लगानिकर्तालाई प्रोत्साहन दिई उद्योगमैत्री पुर्वाधार विकास गर्नको लागि बार्षिक कार्यक्रममा राखिएको छ ।

उद्देश्य

- ठुला उद्योग स्थापनाको लागि पहुँचमार्ग स्थापना गर्ने,
- उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्तिका लागी तथा उत्पादित वस्तुहरूको बजारसम्म पहुँच पुर्याउनका लागी पहुँचमार्ग निर्माण गर्ने,
- लगानिकर्तालाई प्रोत्साहन दिई उद्योगमैत्री पुर्वाधार विकास गर्ने ।

कार्यक्रम कार्यान्वयन विधि

प्रारम्भिक सम्भाव्यता अध्ययन गरि उद्योगमैत्री पुर्वाधार छनौट गरिनेछ । यसरी छनौट गरिएका पुर्वाधार निर्माणको कार्य गर्दा कहाँ गर्ने, कुन पूर्वाधार निर्माण गर्ने सो बाट ठुला उद्योग लाई कस्तो किसिमको टेवा पुग्नेछ सहितको प्रारम्भिक अध्ययन प्रतिवेदन, लागत अनुमान, नाप नक्सा तयार गर्नु पर्दछ। उक्त निर्माण लगायतका कार्यहरु प्रचलित कानुन बमोजिम बोलपत्र आवहान गरि सञ्चालन गर्न सकिने छ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको मुगु र आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएको जिल्लामा संचालन हुनेछ र यसका लागि रु १ करोड बजेट विनियोजन गरिएको छ ।

## २२. बायो ईन्जिनियरिगं प्रविधि बाट एकीकृत भू तथा जलधार संरक्षण

पृष्ठभूमि

भौगोलिक बनावट र मानवीय क्रियाकलापहरुले गर्दा बाढि पहिरो जन्य समस्याहरु दिन प्रतिदिन वृद्धि हुदै जाँदा मानवीय, भौतीक पुर्वाधार र अन्य सम्पतीहरुको क्षति व्यहोर्नु परेको अवस्था छ । भू क्षय संग सम्बन्धित प्रकोप रोकथाम तथा न्युनिकरण गरि प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रमा वायोइन्जीनियरीङ्ग प्रविधि अवलम्वन गर्दै कम खर्चीलो एकिकृत भू संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत भूमिको उत्पादकत्व बढाई जिविकोपार्जनमा सुधार ल्याउन यो कार्यक्रम ल्याईएको छ ।

उद्देश्य

भू तथा जलाधार व्यस्थापन गर्ने उद्देश्यले वनस्पति (एक्लै वा मिश्रणको रुपमा ) संग अन्य भौतिक संरचनाहरु सँगै (तारजाली, ढुङ्गा, माटो, सुकेको काठ, सिमेन्ट आदि) यान्त्रिक प्रविधिको सिद्धान्त अनुसार काम संचालन गरी प्राकृतिक प्रकोप रोकथाम तथा भू संरक्षणका काम गर्ने गराउने ।

यस कार्यक्रमका थप उद्देश्य निम्नानुसार रहेका छन ।

- भू वातावरणीय दृष्टिले संवेदनशिल, महत्वपूर्ण र प्राथमिकता प्राप्त जलाधार क्षेत्रहरुको एकिकृत व्यवस्थापन गरि बाढी, पहिरो तथा भू क्षय बाट हुने जनधन र पूर्वधारको क्षतिमा न्यूनिकरण गर्न,
- जल तथा भूमिको संरक्षणबाट जलको उपलब्धता, भूमिको उत्पादकत्वमा मात्रात्मक र गुणात्मक वृद्धिगरि जनताको सामाजिक आर्थिक समृद्धिमा योगदान पुर्याउन,
- एकिकृत रुपमा भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्न ।

कार्यक्रम कार्यान्वयन विधि

- कार्यक्रमको स्थान तोकी सकेको हकमा सम्बन्धीत क्षेत्रमा लाभ लिने स्थानिय वासिन्दाहरु मध्येबाट उपभोक्ता समिति गठन गरी कार्यक्रम संचालन निवेदन सम्बन्धित कार्यक्रम संचालन गर्ने निकायमा दिनुपर्ने र थप कार्य गर्दा प्राथमिकीकरण गरिएका मध्ये संवेदनशील जलाधार क्षेत्रमा संचालन गर्नुपर्ने छ ।
- उपभोक्ता समिति गठन तथा कार्य प्रकृया मन्त्रालयको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ अनुसार हुनेछ ।
- स्थानीय तह तथा अन्य निकायको साझेदारीमा तथा सहभागितामा समेत काममा दोहोरोपना नहुने गरी कार्यसंचालन गरिने छ ।
- कार्य संचालन गर्ने निकायले माग निवेदन र उपलब्ध स्रोत साधानको आधारमा कार्यक्रम छनोट गरी कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।
- स्वीकृत भएका सवै कार्यक्रमहरु प्रभावित क्षेत्रका उपभोक्ता समुह मार्फत कार्यान्वयन गरिनेछ । यस प्रयोजनको लागी कार्यालयले देहाय वमोजिमको कार्यहरु सम्पादन गर्नेछ
    - सरोकारवालाहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय र त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु,
    - सर्भे डिजाईन तथा ल.ईः स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाङ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्,
    - कार्यक्रमको आवश्यकता अनुसार ग्याविन तार खरीद गर्दा खिया नलाग्ने स्पेसिफिकेशन भएको तथा सम्भव भएसम्म मेशिनबाट बुनेको तारजालीलाई ग्राह्यता दिनु पर्नेछ,

- संरचनागत कार्यहरुको साथै स्थान विशेषका घाँस, बुट्यान तथा रुख प्रजातीका बोट विरुवा, कटीङ्ग रोपण गर्नू पर्नेछ र उपभोक्ता समुहहरुलाई प्रविधि सम्बन्धि तालिम दिई प्रविधि हस्तान्तरण गर्नु पर्ने छ ।

- उपभोक्ता समुहलाई कार्यक्रमको बारेमाम जानकारी दिई उपभोक्ताबाट अपेक्षित योगदान कार्यक्रम कार्यान्वयनको समयसीमा र कार्यालयवाट प्राप्त हुने रकमको किस्तावन्दि र प्राविधिक रेखदेख लगायतका विषयहरु खुलाई कार्यालय र उपभोक्ता समुह विच सम्झौता गर्ने।
- उत्तरी जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा व्यवस्थापन कार्ययोजना तयार गरि गरिनेछ।
- यस प्रदेश अन्तरगत रहेका जलाधार क्षेत्र मा भखरै निर्माण गरिएको पर्यटन सडक, पदमार्ग, नहर, कुलो आसपासको भिरालो भाग, कमजोर भौगोलिक बनावट भएको पहिरो क्षेत्र वा बाढी पहिरो सम्भावित क्षेत्र र पानीको भल बग्ने आसपासको क्षेत्र जहाँ भू क्षय भई तुरुन्तै गल्छी बन्ने संम्भावना हुन्छ त्यस्ता स्थानमा वायोईन्जिनियरिंग प्रविधि मार्फत एकिकृत रुपमा निम्न क्रियाकलाप संचालन गरी एकिकृत भू तथा जलाधार संरक्षणका काम गर्न सकिनेछ ।
    - प्राकृतिक प्रकोप व्यवस्थापन
        - गल्छि/पहिरो उपचार
        - खोला/खहरे किनारा संरक्षण (वायोईन्जियरिङ)
        - सेडिमेन्ट छेकबांध संरचना
    - भू उपयोग विकास
        - उप जलाधार योजना तर्जुमा
        - उप जलाधार प्राथमिकरण
    - विकासका पुर्वाधार संरक्षण
        - सडक पाखो संरक्षण (वायोईन्जियरिङ)
        - सिंचाइ कुलो संरक्षण
        - सिल्टेसन व्यवस्थापन
    - सामुदायिक भू संरक्षण तथा भूमीको उत्पादकत्व संरक्षण स्
        - कृषिवन मैत्रि खेतबारी संरक्षण
        - पानीको स्रोत व्यवस्थापन
        - क्षतिग्रस्त भुमि पुनरुत्थान
        - नदी उकास जग्गा संरक्षण तथा सदुपयोग
        - फलफूल/घांस/जडिबुटि विरुवा वितरण तथा रोपण

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा संचालन हुनेछ र यसका लागि रु ११ करोड ४० लाख बजेट विनियोजन गरिएको छ ।

## २३. ओखर टिमुर जैतुन रिठ्ठा लौठ सल्ला चिराइतो, केसर समायी अलैची अर्गेली, अलमोन्ड, देबदार लगायत फलफुल जडिबुटीहरुका वृक्षारोपण गरी खाली क्षेत्रमा दिगो वन व्यवस्थापन तथा वातावरण संरक्षण गर्ने

पृष्ठभूमि

सम्भाव्यता अध्ययन गरेको आधारमा एक जिल्ला एक नमुना फलफुल तथा जडिवुटि वृक्षारोपण परियोजना कार्यक्रम शिर्षक अन्तरगत राष्ट्रिय वन तथा सामूदायिक वनको खाली क्षेत्र वा जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न र जडिवुटी लगायतका आयमूलक तथा वहुमुल्य गैहृकाष्ठ वन पैदावारका प्रजातिहरुका विरुवा रोपण गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्न र जीविकोपार्जनमा सुधार ल्याउन सकिने सम्भावना रहेको छ । यस सम्भाव्यतालाई व्यवहारमा लागू गरी वन क्षेत्रबाट समृद्धिमा टेवा पुर्याउन यो कार्यक्रम तर्जुमा गरिएको छ ।

उद्देश्य

- बाँझो तथा खाली जग्गामा उत्पादशील प्रजातिको वृक्षारोपण गरी हरियाली अभिवृद्धि गर्न,
- भूक्षय, बाढी पहिरो र नदी किनार कटानलाई रोकथाम तथा नियन्त्रण एवं क्षतिग्रस्त भूमीको पूनर्उत्थान गर्न,
- स्थानिय समुदायको आयआर्जन वृद्धि एवं जीविकोपार्जनमा सुधार ल्याउन,
- वन क्षेत्रको हैसियतमा सुधार गर्न ।

कार्यक्रम कार्यान्वयन विधि

- एकै स्थानको कम्तिमा ५ हेक्टर क्षेत्रफलमा (ब्लक वृक्षारोपण) छनौट गरि सम्भावित उपयुक्त वृक्षारोपण क्षेत्र र बिरुवाको लगत विवरण वन तथा वातावरण निर्देशनालयबाट अनिवार्य रुपमा स्थलगत निरिक्षण गराई वृक्षारोपण कार्य सञ्चालन गर्नुपर्नेछ । यसरी प्रत्येक जिल्लामा यस आर्थिक वर्षमा कम्तिमा १० हेक्टर क्षेत्रफलमा वृक्षारोपण अनिवार्य रुपमा गर्नुपर्नेछ ।

- राष्ट्रिय वन तथा सामूदायिक वनको खाली क्षेत्र वा जग्गामा ओखर, टिमुर, जैतुन, रिठ्ठा, लौठ सल्ला, चिराइतो, केशर, समायो, अलैंची, अर्गेली, अलमोण्ड, देवदार लगायत फलफूल तथा जडिवुटीहरुको वृक्षारोपण गरी खाली क्षेत्रमा दिगो वन व्यवस्थापन तथा वातावरण संरक्षणका कार्यहरु गरिने छ । निजी जग्गा धनिको हकमा निजहरूले हकभोग गरेको जग्गाको उपलब्धताको आधारमा वृक्षारोपणका लागी बिरुवा उपलब्ध गराउन सकिनेछ । यस कार्यक्रम अन्तर्गत देहायका कृयाकलापहरु संचालन गर्न सकिने छन ।
    - विरुवा खरिद गर्ने,
    - वृक्षारोपण क्षेत्रको जमिन तयारी, प्रजाति र विरुवाको आकार अनुसार खाल्डो तयारी
    - वृक्षारोपण, सिँचाई, घेरबार तथा वृक्षारोपण क्षेत्र संरक्षण, गोडमेल, झाडी सफाइ, पुन:रोपण

- प्राथमिकताको आधारमा संचालन गर्नु पर्ने आवश्यक कृयाकलापहरुको छनौट गरि ल.ई. तयार गरि बजेट बाँडफाँड गर्नुपर्नेछ । यस अन्तर्गतका कृयाकलापहरु सम्पादन गर्दा सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय तह, जिल्ला समन्वय समिति, वन पैदावार व्यवसायी संघ, सामुदायिक वन उपभोक्ता समूह, वन क्षेत्र संग सम्बन्धित आयोजना र गैह सरकारी संघसंस्थाहरुसंग समन्वय एवं सहकार्यमा सम्पादन गर्न सकिने छ ।

- वृक्षारोपण गरिने क्षेत्रको जि.पि.एस. प्वाईन्ट सहितको नक्सा, वृक्षारोपण क्षेत्रको पहिले र वृक्षारोपण पश्चातको फोटो समेत प्रतिवेदनमा राख्नु पर्नेछ ।

- यो कार्यक्रम कार्यान्वयनका लागी आवश्यक वन प्राविधिक जनशक्ति वन विज्ञान विषय अध्ययनरत वा उतिर्ण विधार्थीहरु लाई इन्टर्नको रुपमा खटाई नियमानुसार सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला संचालन गरिनेछ र यसका लागी रु १० करोड बजेट विनियोजन गरिएको छ ।

**२४. सा व को संस्थागत विकासको लागि सामाजिक परिचालन कार्यक्रम (प्याकेज)**

पृष्ठभूमी

सामुदायिक वन उपभोक्ता समूहका कतिपय जिम्मेवार पदाधिकारी लगायत उपभोक्ता सदस्यहरु बिच सामुदायिक वन व्यवस्थापन कार्ययोजना र समूहको विधानमा उल्लेखित प्रावधानहरु सम्बन्धी साझा बुझाइमा कमि भएको कारण सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्न र समूहलाई प्रभावकारी रुपमा संचालन गर्न समस्या देखिदै आएको छ । केहि सामुदायिक वन उपभोक्ता समूहहरुको आन्तरिक आयआर्जन नभएको र स्रोत साधनको कमि भएकोले स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वियन पूर्ण रुपमा हुन सकेको छैन । अतः यस समस्यालाई मध्यनजर गर्दै सामुदायिक वनको संस्थागत विकासको लागि सामाजिक परिचालन कार्यक्रम (प्याकेज) तर्जुमा गरिएको छ ।

उद्देश्य

- सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता अभिवृद्धि गर्न,
- वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोगको लागि समूहहरुलाई सक्षम तुल्याउन,
- आयआर्जन, सामुदायिक विकास, भौतिक पूर्वाधार निर्माण र वातावरण संरक्षणको लागि समूहलाई परिचालन गर्न ।

कार्यक्रम कार्यान्वयन विधि

- प्राथमिकताको आधारमा संचालन गर्नुपर्ने आवश्यक कृयाकलापहरुको छनौट गरि सो को ल.ई. स्विकृत पश्चात बजेट बाँडफाँड गर्नुपर्ने,
- यस अन्तर्गतका कृयाकलापहरु सम्पादन गर्दा स्थानीय तह, जिल्ला समन्वय समिति, सामुदायिक वन उपभोक्ता समूह, वन क्षेत्र संग सम्बन्धित आयोजना र गैह सरकारी संघसंस्थाहरुसंग समन्वय एवं सहकार्यमा गर्न सकिने छ,
- वन तथा भूसंरक्षण विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा सामाजिक सेवा परिचालन कार्यक्रमको कार्यान्वयन विधि समेत को आधारमा कार्यसञ्चालन गर्न सकिनेछ ।यस कार्यक्रमका लागी निम्न कृयाकलापहरु सञ्चालन गरिनेछ ।
    - सामुदायिक वनको उपभोक्ताहरु बाट सहजकर्ता छनौट गरि परिचालन गर्ने,
    - आयस्तरको आधारमा समूहहरुलाई आधारभूत आवश्यक मसलन्द सामाग्रीहरु प्रदान गर्ने,
    - सामुदायिक वन व्यवस्थापनको लागि स्थलगत अभ्यास सहितको तालिम संचालन गर्ने,
    - समूहको लेखापरीक्षण/वार्षिक प्रतिवेदन तयारी तथा अनुमोदनको लागि प्राविधिक सहयोग/सहजिकरण गर्ने, डिभिजन/सव डिभिजन/स्थानीय तह स्तरीय सामुदायिक वन उपभोक्ता समूहहरुको संजाल निर्माण तथा (बैठक, समन्वय, सहकार्य, अनुभव आदानप्रदान) संचालन गर्ने,
    - वन हेरालुहरुलाई क्षमता विकास सम्बन्धी आवश्यक तालिमहरु संचालन गर्ने,
    - कार्ययोजना नविकरणको लागि आवश्यक सहयोग गर्ने,
    - स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि आर्थिक सहयोग गर्ने,
    - सामुदायिक वन उपभोक्ता समुहहरु लाई अध्ययन अवलोकन भ्रमण संचालन गर्ने कृयाकलापहरु सम्पादन गर्न सकिनेछ ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला संचालन गरिनेछ र यसका लागी रु २ करोड बजेट विनियोजन गरिएको छ ।

## २५. प्लाष्टिकको झोलाको विकल्पको रुपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन कार्यक्रम -प्रदेश राजधानीलाई प्लाष्टिक मुक्त वनाउने अभियान लगायत वातावरण, जलवायू परिवर्तन र विज्ञान तथा प्रविधि

पृष्ठभूमि

जनसङ्ख्या वृद्धि सँगै कर्णाली प्रदेश राजधानीमा आधुनिक रहनसहन र जिवनशैलीले एकातिर प्लाष्टिकको प्रयोगमा वृद्दि भैरहेको र अर्को तर्फ उक्त प्रयोगमा आएका प्लाष्टिकजन्य वस्तुहरु लामो समय सम्म पनि नकुहिने समस्याले स्थानिय तथा समग्र वातावरणमा असर पुर्याईरहेको अवस्थामा प्लाष्टिकजन्य झोलाको विकल्पमा वैकल्पिक जैविक झोलाको प्रयोगमा बढावा दिन र प्रचार प्रसार गर्न आवश्यक सर-सामान खरिद तथा व्यवस्थापन गर्न सकिने हेतुले यो कार्यक्रम तर्जुमा गरिएको छ । साथै विज्ञान र प्रविधिको उपलब्धता सँगै त्यसको प्रयोगबाट बजार अनुगमन तथा यस मन्त्रालय वा मातहतबाट हुने कार्यसम्पादन चुस्त दुरुस्त राख्न मन्त्रालयको डाटावेस (एम.आइ.एस.) तयारी तथा संचालन गर्नका लागी समेत यो कार्यक्रम तर्जुमा गरिएको छ ।

उद्देश्य

- प्लाष्टिकजन्य झोला मुक्त राजधानी बनाई वैकल्पिक झोलाको प्रयोगलाई प्रोत्साहन गर्न,
- वातावरणमैत्री झोलाको प्रयोगलाई बढावा दिई वातावरणीय प्रदुषणमा कमि ल्याउन व्यापक जनसहभागिता जुटाउन,
- प्रविधिमैत्रि कार्यसम्पादन तथा डाटावेश तयारी तथा संचालन गर्न,
- बजार अनुगमनका लागी सि.सि.टि.भि. जडान तथा संचालन गर्न ।

### २५.१ प्लाष्टिकको झोलाको विकल्पको रुपमा वैकल्पीक झोला प्रयोगलाई प्रवर्द्धन कार्यक्रम-प्रदेश राजधानीलाई प्लाष्टिक मुक्त वनाउने अभियान

प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा कमि ल्याउन सरोकारवाला निकायसंग छलफल गरी स्थानिय जैविक वस्तुहरुबाट उत्पादन भएका कपडाका झोला, साल/भोर्लाका दुना टपरी, खरिद तथा प्रयोगमा प्रोत्साहन गर्न अनुदान, सचेतना कार्यक्रम वाल पेन्टिङ्ग, होडिङ्ग बोर्ड, एफ.एम., रेडियो, टिभि, पत्रपत्रिकामा, प्रचारप्रसार, तालिम, अनुशिक्षण, ईको क्लब गठन लगायतको कार्यक्रम संचालन गरिनेछ । कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, २०७६/०७७ अन्तरगत **२७.७ राजधानी शहर वीरेन्द्रनगरलाई धुलो, धुँवा र प्लाष्टिकको झोलामुक्त क्षेत्र कायम गरि नगर क्षेत्रमा साईकल सवारीलाई प्राथमिकता र प्रवर्द्धनका लागि पूर्वाधार विकास गरिनेछ** भन्ने कार्यक्रम रहेकोले त्यसका लागी प्रदेश राजधानी रहेको वीरेन्द्रनगर नगरपालिका सँग समन्वय तथा सहकार्य गरि प्राप्त प्रस्तावको आधारमा कार्यक्रम सञ्चालन गर्न सम्झौता बमोजिम आंशिक वा पूरै रकम नगरपालिकालाई उपलब्ध गराउन सकिनेछ ।

२५.२ मन्त्रालयको डाटावेस (एम.आइ.एस.) तयारी तथा संचालन

मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खर्च त्यसका उपलब्धि तथा सिकाई साथै सो सँग सम्बन्धित प्राप्त तथ्याङ्कहरुको व्यवस्थापन, भण्डारण तथा विश्लेषण गरि मन्त्रालयले लियको लक्ष्य पूरा गर्न आवश्यक नितीगत तथा कार्यक्रमगत निर्णयका लागी आधुनिक प्रविधिको प्रयोग गर्ने हेतुले यो कार्यक्रम राखीएको छ । यस कार्यक्रमका लागी एम.आइ.एस. प्रणाली स्थापना गर्न विज्ञ सेवाप्रदायक संस्था/फर्म छनौट सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पुरा गरी सेवा खरिद गरिनेछ । मन्त्रालयसंग सम्झौता गरी काम सम्पन्न गर्ने सेवाप्रदायक संस्थाले सम्झौतामा उल्लेखित कुराका साथै योजना, अनुगमन तथा मूल्याङ्कन शाखाको सिफारीस साथ मन्त्रालयमा एम.आइ.एस. तयार गरि हस्तान्तरण गर्नुपर्नेछ । यस कार्यक्रमको बजेट रकम सेवाप्रदायक संस्थालाई सम्झौता अनुसार भुक्तानी गरिनेछ, साथै बाँकी रकम डाटावेसका लागी तथ्याङ्क संकलन/टाईपिङ, डाटा ड्राईभ खरिद, नक्सा तयारी, प्रतिवेदन लेखन, प्रविधि हस्तान्तरण प्रशिक्षण र डाटावेस (एम.आइ.एस.) तयारी तथा सञ्चालन गर्नका लागी आवश्यकता अनुसार प्रचलित नियमानुसार खर्च गरिनेछ ।

२५.३ दुनै बजार डोल्पामा सि.सि.टि.भि क्यामरा जडान

यो कार्यक्रममा डोल्पा जिल्लाको दुनै बजारमा सि.सि.टि.भि क्यामरा जडान गरि चौबिसै घण्टा बजार अनुगमनका साथै पर्यटकको सुरक्षाका लागी समेत प्रयोग गर्ने हेतुले राखीयको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पुरा गरि सेवाप्रदायक संस्था/फर्म बाट कार्यसम्पन्न गरिनेछ । यसका लागी डिभिजन वन कार्यालय डोल्पा, स्थानिय तहका जनप्रतिनिधि, जिल्ला प्रशासन, नेपाल प्रहरी र स्थानिय बासिन्दा, व्यवसायि तथा सरोकारवाला निकायहरु संग समन्वय गरि कुन कुन स्थानमा क्यामेरा जडान गर्ने, त्यसको मर्मत र सुरक्षा सम्बन्धि व्यवस्था समेत सुनिश्चित गर्नुपर्नेछ ।

बजेट

माथि उल्लिखित कार्यक्रमहरुको लागि बजेट रु ५० लाख विनियोजन गरिएको छ ।

सचिव

२६. क्रमागत योजनाहरु उच्च प्रविधिको नर्सरी स्थापना

प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पृष्ठभूमि

गत आ.व. २०७५/०७६ को स्विकृत वार्षिक कार्यक्रमा समावेश गरिएका विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन भएकोमा केही योजना प्राविधिक कारणले सम्पन्न हुन नसकि बजेट फिर्ता भएको र केही सम्पन्न योजनाहरूमा थप कार्य गर्न बाँकी रहेको परिप्रेक्षमा क्रमागत योजनाहरु भनि यो कार्यक्रम समावेश गरिएको छ ।

उदेश्य

- गत आ.व. २०७५/०७६ मा सुरु भई सम्पन्न हुन नसकेका योजनाहरू सम्पन्न गर्न ।

कार्यक्रम कार्यान्वयन विधि

यस अन्तरगत उच्च प्रविधिको नर्सरी स्थापना, पर्यटन सडक, पदमार्ग, रारा ताल साईकल परिक्रमा मार्ग, फोक्सुण्डो ताल परिक्रमा, दह, सिमसार संरक्षण, भूक्षय तथा पहिरो नियन्त्रण, स्मृति भवन, संग्राहलय, भ्यू टावर, पार्क तथा उद्यान निर्माण, कम्पाउण्ड वाल (काँक्रिविहार) निर्माण, मन्दिर पूर्वाधार निर्माण, गुम्बाका पूर्वाधार निर्माण र औधोगिक भवन निर्माणका क्रमागत योजनाहरु मात्र सञ्चालन गरिने छ । योजनाहरु कार्यान्वयन गर्दा मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व. २०७५/०७६ मा उल्लेख भए बमोजिम सञ्चालन गर्न सकिनेछ ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला अन्तरगतका क्रमागत योजनाहरु सम्पन्न गर्नका लागी बजेट रु ४२ करोड ३४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

सचिव

## २७. सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी

पृष्ठभूमि

यस कार्यक्रमबाट लक्षित समुहलाई सिप विकास तालिम, गोष्ठी, प्रदेश भित्र, बाहिर अवलोकन भ्रमण लगायतका कृयाकलापहरु संचलान गरिने छ ।मन्त्रालय तथा मातहत कार्यालयका कर्मचारीहरु, पर्यटन व्यवसायि, उद्यमी, युवा तथा लक्षित वर्गलाई सिप विकास तथा क्षमता अभिवृद्धिका लागी जिल्ला तथा प्रदेश स्तरमा तालिम तथा अवलोकन भ्रमण संचालन गर्न सकिनेछ । कार्यक्रम संचालन पश्चात सहभागीहरुमा विषयवस्तु संग सम्बन्धित ज्ञान सिप र क्षमताको विकास हुनुका साथै मन्त्रालयको कार्य प्रगतिका साथै रोजगारी तथा आयआर्जनमा समेत सकारात्मक टेवा पुग्ने अपेक्षा राखिएको छ ।

उद्देश्य

- मन्त्रालयका कर्मचारी तथा सहभागिहरुको ज्ञान, सिप तथा क्षमता विकास गरि कार्य सम्पादनमा वृद्धि गर्न,
- पर्यटन व्यवसायि, उद्यमी, युवा तथा लक्षित वर्गको सिप विकास गरि रोजगारी तथा आयआर्जनमा टेवा पुर्याउने ।

तालीम/कृयाकलापहरु

- होमस्टे सञ्चालन तालीम
- होस्पिटालिटी, गाईड, कुक, भाषा सम्बन्धि तालीम
- पाराग्लाईडिङ तालीम
- र्याफ्टिङ तालिम
- वन ब्यवस्थापन सम्बन्धि तालीम
- वातावरण ब्यवस्थापन सम्बन्धि तालीम
- प्रदेशमा संचालित उद्योगहरुको अभिलेखीकरण

कार्यक्रम कार्यान्वन विधि

यो कार्यक्रम मन्त्रालय अन्तर्गतका निकायहरु मार्फत र सेवा प्रदायक संघ संस्थाहरु मार्फत प्रस्ताव आवह्वान गरी संचालन गर्न सकिनेछ । तालिम संचालन गर्नका लागि सम्बन्धित कार्यालयले विषयवस्तु सम्वन्धी ज्ञान सीप भएको सहभागीहरुसंग सहजीकरण गर्न सक्ने स्रोत व्यक्तिको रोष्टर तयार गरि गर्नुपर्नेछ । सम्बन्धित निकायले माथि उल्लिखित हरेक तालीमहरूको आवश्यकता अनुसार कार्ययोजना बनाई कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

बजेट

यो कार्यक्रम सञ्चालनका लागी रु १ करोड बजेट विनियोजन गरिएको छ ।

२८. हाइटेक नर्सरी ब्यवस्थापन, योजना तर्जुमा तथा समिक्षा वातावरणि प्रभाव अध्ययन  डिभिजन वन कार्ययोजना निर्माण

२८.१ हाईटेक नर्सरी व्यवस्थापन

उन्नत प्रजाति तथा उच्च गुणस्तरका विरुवाहरु को मागलाई स्थानिय स्तरमै उपलब्ध गराउन र हालको मौजुदा नर्सरीहरुबाट माग अनुसारका विरुवाहरु उपलब्ध गराउन नसकिरहेको परिस्थितिमा उच्च गुणस्तरका विरुवा उत्पादन गर्न तथा व्यवस्थापन गर्न आवश्यक देखिएकाले सुर्खेत जिल्लामा एउटा बहुवर्षिय नर्सरीको स्थापना तथा व्यवस्थापन गर्न यो कार्यक्रम समावेश गरिएको छ । यो कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट स्विकृत भएको उच्च प्रविधियुक्त नर्सरी स्थापना र संरचना कार्यविधि, २०७५ बमोजिम गरिनेछ ।

२८.२ वार्षिक समिक्षा गोष्ठी

मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु बाट संचालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगती भयो, कार्यक्रम कार्यान्वयन गर्दा पाईएका सवल र दुर्वल पक्षहरु के थिए, कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए र तिनको निराकरणका उपायहरु के हुन सक्छन सो पहिल्याइ कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले आवश्यकता अनुसार वार्षिक समीक्षा गोष्ठी संचालन गरिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघिय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, व्यानर, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

२८.३ योजना तर्जुमा गोष्ठी

मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु बाट  आगामि आ.व.को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, प्रदेश योजना आयोगका सदस्य, संघिय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, व्यानर, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

सचिव

प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

### २८.४ वातावरणिय प्रभाव अध्ययन

जथाभावी बाटो लगायतका पुर्वाधार निर्माण, अव्यवस्थित वसोवास, वन जंगल फडानी, अव्यवस्थित ढुंगा, गिट्टि, वालुवा लगायतका प्राकृतिक सम्पदाको दोहन लगायतका क्रियाकलापवाट निरन्तर रुपमा वातावरणमा प्रतिकुल असर परिराखेको छ । त्यस्ता असरहरुलाई कम गर्दै नियन्त्रण गर्ने चुनौति एकातिर छ भने वातावरण संरक्षण गर्दै वातावरण मैत्री विकास गर्नु अर्को चुनौती पुर्ण काम रहेको छ । वातावरणमा पर्ने प्रतिकुल असरहरुलाइ रचनात्मक प्रचारप्रसारको माध्यमवाट नियन्त्रण गर्ने तथा ठुला आयोजना निर्माण गर्दा गरिने वातावरण प्रभाव मुल्यांकनको प्रभावकारिता अनुगमन तथा निरीक्षण गर्नको लागि यो कार्यक्रम राखिएको छ ।यो कार्यक्रम प्रचलित नियमानुसार सञ्चालन गरिनेछ ।

### २८.५ प्रादेशिक जैविक विविधता प्रोफाइल निर्माण

कर्णाली प्रदेश भित्र रहेका वन, वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी, सिमसार, हिमताल आदीको स्थिति र तिनिहरुको संरक्षणको अवस्था के कस्तो छ सो अध्ययन गरी वर्गीकरण गर्दै संरक्षणका लागि के कस्ता नीतिगत एवं कार्यान्वयन गर्ने उपायहरु अवलम्वन गर्नुपर्दछ सो समेत खुलाई अध्ययन गरि प्रोफाइल तयार गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम सञ्चालन पश्चात प्रदेशमा रहेका जैविक विविधताको अवस्था विशेष गरि रैथाने तथा अति दुर्लभ वन्यजन्तु, वनस्पति र सिमसार क्षेत्र सम्बन्धि तथ्याङ्क प्राप्त हुनेछ। यो कार्यक्रम परामर्शदाता मार्फत सञ्चालन गरिने छ भने यसमा विनियोजित बजेट जैविक विविधताको प्रोफाइल तयार गर्दा स्थलगत अध्ययन, अनुसन्धान, सहजीकरण, नापजाँच, अन्तरक्रिया, तथ्याँक संकलन, भ्रमण, यातायात लगायतमा खर्च गर्न सकिने छ । कार्यसम्पन्न पश्चात नियमानुसार आवश्यक विल भर्पाई सहितको अन्तिम रिपोर्ट मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

### २८.६ पञ्चवर्षिय कार्ययोजना निर्माण

वन ऐन २०७६ मा उल्लेख भएबमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम संचालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले पाँच वर्षका लागि वन कार्ययोजना तयार गर्नु पर्दछ । पाँच वर्षको म्याद सकिएका कार्ययोजनालाई पुनः अध्यावधिक गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । व्यवस्थापन योजना तयार गर्न वन क्षेत्रका विभिन्न कार्ययोजना निर्माण प्रक्रियासंग वन तथा भू संरक्षण विभागबाट पारित विषयसूची अन्तर्गत डिभिजनको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना तयार गर्नको लागि कार्यसूची २०७० (मिति २०७०/३/५ मा वन तथा भू संरक्षण विभागबाट संशोधित) बमोजिम गर्नुपर्नेछ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पनि कार्ययोजना पूर्व स्वीकृत गराउनु पर्ने व्यवस्था भएकोले विद्यमान वातावरण ऐन, नियमावली अनुसार प्रतिवेदन तयार गर्नुपर्नेछ ।

बजेट

माथि उल्लिखित कार्यक्रमहरुका लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ ।

सचिव

## २९. वन विकास कार्यक्रम

पृष्ठभूमि

यस कार्यक्रम अन्तर्गत प्रदेश भित्र रहेका वन क्षेत्रको संरक्षण र व्यवस्थापनका लागी सरोकारवाला निकायहरू बिच समन्वय र सहकार्य गर्दै वनजन्य स्रोतहरुको संरक्षण, सम्वर्द्धन, सदुपयोग एवं दिगो व्यवस्थापनमा सहयोग पुर्याउने हेतुले देहायका कार्यक्रम संचालन गरिनेछ ।

उद्देश्य

- बहुसरोकारवाला निकायहरु बिच वन संरक्षण तथा व्यवस्थापनका लागी समन्वय र सहकार्यको वातावरण तयार गर्न,
- वन क्षेत्रको संरक्षण गर्न,
- वन पैदावारको आपूर्ति बढाउन सहयोग गर्न,
- राजश्वमा अभिवृद्धि गर्नु ।

### २९.१ सामूदायिक वन कार्ययोजना नविकरण (विपन्न वर्ग, दलित, महिला, जनजाती प्रति लक्षित कार्यक्रम र जलबायु परिवर्तन अनुकुलन)

कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट माग भई आएका सा.व.को कार्ययोजना पूनरावलोकन गर्ने कार्यमा आवश्यक पर्ने खर्चको लागि यो शीर्षकको रकम खर्च गर्नुपर्नेछ । वन ऐन तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो सशोधन) ले निर्धारिण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर सम्पन्न गर्नुपर्नेछ । सामुदायिक वन उपभोक्ता समूह गठन तथा दर्ता प्रक्रियामा सहजीकरण उपलब्ध बजेटबाट टोल, समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ । सामुदायिक वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रक्रियामा सहजीकरणको काम कम्तीमा वन कार्यसहायक तहका वन प्राविधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ अनुसार वन स्रोत सर्भेक्षण, नापीको नक्शा तथा GPS बाट सीमा सर्भेक्षण तथा Permanent sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्शा समेत तयार गरी पेश गर्नुपर्नेछ ।

### २९.२ कवुलियती वन समुहको कार्ययोजना पुनरावलोकन (जिविकोपार्जन योजना समेत समावेश)

स्विकृत अवधि पुगिसकेका र कवुलियती वन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिने छ। यस शीर्षकको रकम स्थलगत भ्रमण, सञ्चार, सर्भे तथा नक्सांकन, वैठक खाना/खाजा, भत्ता, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा वाईन्डिगंमा खर्च गर्न सकिनेछ। समूहमा आवद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागितामा कार्ययोजना तयार गर्नु पर्नेछ। जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको ३ प्रती तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरीएको छ।

सचिव

जीविकोपार्जन सुधार योजना तयार गर्दा डिभिजन/सवडिभिजन वन कार्यालयका प्राविधिक, जे.टि.ए, समूह सहयोगी र ग्रामीण वित्तीय सहयोगीले आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुपर्नेछ ।

२९.३ निजी वन गठन तथा हस्तान्तरण सहयोग

यस कार्यक्रम मार्फत निजी वनहरु डिभिजन वन कार्यालयमा दर्ता गर्न प्रोत्साहित गरीनेछ । यस अन्तरगत मूलत: निजी वन दर्ता गर्न आवश्यक पर्ने प्राविधिक सहयोग (जस्तै निजी वनको नाप नक्सा, जग्गा छुटयाउने, रुख विरुवाको मापन, लगत तयारी, सर्जमिन मुचुल्का तयार गर्ने आदि) उपलव्ध गराउने कार्य गर्नु पर्नेछ । यस शीर्षकको बजेट उक्त कार्य सम्पादन गर्दा लाग्ने भ्रमण भत्ता, इन्धन/यातायात, खाजा, मसलन्द, नापी कार्यालयलाई नियमानुसार बुझाउनु पर्ने राजस्व आदिमा खर्च गर्न सकिनेछ । यो कार्य संचालन गर्दा डिभिजन वन कार्यालयको क्षेत्र भित्र जिल्लामा गठित निजी वन सञ्जाल वा अन्य सेवा प्रदायकको सेवा समेत लिन सकिनेछ ।

२९.४ कार्यक्रम समीक्षा र योजना तर्जुमा गोष्ठि जिल्लास्तरमा

सव डिभिजन स्तरमा तयार भएको योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही डिभिजन वन कार्यालयको वार्षिक योजना निर्माण गर्नुपर्ने भएकोले यो कार्यक्रम राखिएको हो । साथै, डिभिजन तथा सव डिभिजन वन कार्यालयवाट संचालन भएका कार्यक्रमको बरेमा छलफल गर्ने, जिल्लास्थित अन्य निकायसंग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहिचान गर्ने, असल अभ्यासको पहिचान गरी विस्तार गर्ने र देखा परेका समस्या/चुनौतिको समाधानको उपाय खोज्ने लगायतका उद्धेश्यले वार्षिक रुपमा प्रगती समीक्षा गोष्ठी संचालन गरीन्छ । गोष्ठीमा डिभिजन तथा सव डिभिजन वन कार्यालयका प्रमूखहरुको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी डिभिजन वन कार्यालयको क्षेत्रभित्र रहेका अन्य सरोकारवाला निकाय र विषयसँग सम्बन्धित प्रतिनिधिहरुलाई समेत समावेश गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी आदिमा स्वीकृत नर्मसको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि गोष्ठीमा उपस्थिती विवरण, माइनुट, फोटो, खर्च विलभर्पाइ सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

२९.५ वन ब्यवस्थापन फिल्ड अभ्यास

वनको व्यवस्थापनको (विशेष गरि वैज्ञानिक वन व्यवस्थापन लागु भएका स्थानहरुमा) का लागी सक्रिय रहने फिल्ड वन कर्मचारी एवं वन उपभोक्ता समूहहरुमा त्यसको आधारभूत सैद्धान्तिक तथा व्यवहारिक पक्षको ज्ञान हुन जरुरी हुन्छ । सो कुरालाई मध्यनजर गर्दै वन कर्मचारी एवं समूहका सक्रिय सदस्यहरुलाई समेटर वन व्यवस्थापनको फिल्ड अभ्यास गराउने उदेश्यले यो कार्यक्रम राखिएको हो । यस कार्यक्रमका सहभागीहरु वनमा/फिल्डमा नै गई वनको व्यवस्थापन कसरी गर्नुपर्ने हो सो को बारेमा स्थलगत रूपमा अभ्यास गर्दै सिक्नेछन ।कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरीद ऐन, नियम, निर्देशिका र नर्मस बमोजिम खर्च गर्नुपर्ने छ । कार्यक्रम सम्पन्न भए पश्चात अभ्यास संचालन भएको स्थान,

सचिव

मिति, सहभागी, खर्च भएको विल भर्पाई, फोटो, सेसन प्लान, फिल्ड रिपोर्ट लगायत संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### २९.६ डि.एफ.सि.सि र अन्य समन्वयात्मक बैठक संचालन

वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ बमोजिम अतिक्रमण नियन्त्रण समन्वय समिति, सुरक्षा निकाय बैठक तथा अन्य संस्थागत समन्वय र सरोकारवालासंग गरिने अन्तरक्रिया बैठकहरुमा यस शीर्षकको वजेट खर्च गर्नुपर्नेछ । अन्य बैठकको हकमा सम्बन्धित निर्देशिका अनुसार हुने । बैठक भत्ता, खाजा, संचार, स्टेशनरीमा खर्च गर्न सकिने छ ।

### २९.७ ढलापडा संकलन

यस कार्यक्रम अन्तरगत जंगलमा प्राकृतिक तथा अन्य कारणले ढलेका रुखहरुलाई संकलन तथा घाटगद्दी गरिनेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी साथै प्रदेश काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिकाको व्यवस्था नभएसम्म वन पैदावार (काठ र दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गरिनेछ। ढलापडाको अवस्था, संकलन गर्नुपर्ने ढलापडा रुखहरुको जि.पि.एस. लोकेशन देखिने नक्सा, छपानदेखि कटान मुछान घाटगद्दी सम्मको अवस्था निरन्तर अनुगमनको प्रबन्ध डिभिजन वन कार्यालयले मिलाउनु पर्नेछ नियमितरुपमा वन तथा वातावरण निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । यो शिर्षकमा विनियोजित रकम कटान, मुछान, संकलन, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्ने छ । काठदाउरा संकलनपश्चात प्रगति पेश गर्दा ढलापडा रुखहरुको जि.पि.एस. लोकेशन देखिने नक्सा समावेश गर्नुपर्नेछ ।

बजेट

माथि उल्लिखित कार्यक्रमहरु आवश्यकता अनुसार कर्णालीका सबै जिल्लाहरूमा लागु हुनेगरि रु ५० लाख बजेट विनियोजन गरिएको छ ।

३१. पञ्चकोशी कोटिला ताल निर्माण

पृष्ठभुमी

दैलेख जिल्लाको नारायण नगरपालिका वडा नं. ९ र दुल्लु नगरपालिका वडा नं. ११ बिच हुँदै बग्ने स्थायी छामघाट खोला नदीमा बग्ने पानीलाई लहतारा रातोडाडा (नारायण न.पा.) र तिउलतडा (दुल्लु न.पा.) स्थानमा (निकास गेट सहितको) बाँध (Dam/Barrage) बाँधी पंचकोशी कोटिला ताल निर्माण गर्न यस कार्यक्रमको तर्जुमा गरिएको छ । निर्माण हुने तालबाट Boating, Fishing, होटेल तथा होमस्टे संचालन आदि मार्फत स्थानीय समुदायलाई आयआर्जन, जिविकोपार्जन तथा रोजगारीका अवसर सृजना गर्नुका साथै पर्यटन प्रवर्द्धन र जलीय जैविक विविधताको संरक्षण हुने अपेक्षा गरिएको छ।

उद्देश्यहरु

- मनोरञ्जनात्मक एवं धार्मिक पर्यटन प्रवर्द्धन गर्न,
- होमस्टे तथा होटेल व्यवसाय मार्फत स्थानीय आयआर्जन तथा रोजगारीका अवसरहरु सृजना गर्न,
- साथै, जलिय जैविक विविधताको संरक्षण गर्न ।

कृयाकलापहरू

- सर्भे, डिजाइन, ड्रईङ, लागत अनुमान, अनुगमन तथा निरीक्षण लगायतका कार्यहरु गर्ने,
- ताल निर्माणको लागि निकास गेट सहितको बाँध (Dam/Barrage) बाँध्ने,
- निर्मित ताल भित्र ढुंगा, गिट्टी, वालुवा/माटो Deposition/Sedimentation हुन नदिन तालको Inlet भागमा Check Dam निर्माण गर्ने र विकास निर्माण कार्यमा उपयोग गर्न Check Dam Inlet माथि जम्मा भएको ढुंगा, गिट्टी, वालुवा/माटो संकलन गर्न सकिने गरी भौतिक संरचना निर्माण गर्ने,
- तलको Barrage र माथिको Check Dam माथि सडक एवं पुल निर्माण गर्ने,
- निर्मित ताल वरीपरी Ring Road निर्माण गर्ने ।

कार्यक्रम कार्यान्वयन विधि

- यस योजनाको निर्माण लगायतका कामकार्बाहीका लागी सम्बन्धित स्थानिय तहले तयार गरि स्विकृत डि.पि.आर मा उल्लेख भए बमोजिमका कृयाकलापहरु मध्ये पूर्वाधार निर्माण सँग सम्बन्धित कार्यहरूमा मात्र रकम खर्च गरिनेछ नियमानुसार वोलपत्र आवह्रान गरि वा कार्यप्रकृति हेरि उपभोक्ता समूह मार्फत कार्यान्वयन गरिनेछ ।
- यस कार्यक्रमका लागी आवश्यकता अनुसार वातावरणीय प्रतिवेदन समेत तयार गर्नुपर्नेछ ।

बजेट

यो कार्यक्रम दैलेख जिल्लामा सञ्चालन गरिनेछ जसका लागी रु ३ करोड बजेट विनियोजन गरिएको छ ।



सचिव

## ३५. दुर्गम क्षेत्र (हुम्ला,मुगु तथा डोल्पा) का जेष्ठ नागरिक तथा पुर्ण अपांगता भएका व्यक्तिलाइ हवाई टिकटमा सहुलियत

पृष्ठभुमि

कर्णाली प्रदेश अन्तरगत पर्ने डोल्पा, मुगु र हुम्ला जिल्लाहरु देशकै अति दुर्गम जिल्लाहरुमा पर्दछन । सडक सञ्जालको पहुँच राम्रो हुन नसकेका यि दुर्गम जिल्लाका विभिन्न स्थानीय तहहरु र त्यसभित्रका गाउँवस्तीहरु झन विकट रहेका छन् । मानव विकास सूचाङ्क हेर्दा यो प्रदेश देशकै सबै भन्दा पछाडी रहेको छ भने माथि उल्लिखित जिल्लाहरु झन पछाडी पर्दछन । आम्दानीको श्रोत नभए तापनि अति दुर्गम भएको कारण र वर्षैभरि गाडिको सुविधा उपलब्ध हुन नसकेका यि जिल्लाका मानिसहरुको यातायातको साधन मूख्य रुपमा हवाई यातायात नै रहेको छ । तसर्थ, हवाई यातायात बाध्य भएर प्रयोग गर्नुपर्ने भएकोले राज्यको तर्फबाट कम्तिमा अपांग र जेष्ठ नागरिकहरुलाई सहयोग पुगोस भन्ने हेतुले यो कार्यक्रम राखिएको छ ।

उदेश्य

- यातायातको सहज पहुँच नभएको जिल्लाहरूमा हवाई यातायातमा अपांग र जेष्ठ नागरिकहरुलाई हवाई टिकटमा ५० प्रतिशत सहुलियत प्रदान गर्नु ।

कार्यक्रम कार्यान्वयन विधि

मन्त्रालयले जारी गरेको पुर्ण अपाङ्ग तथा जेष्ठ नागरिकहरुका लागि हवाइ यातायातमा सहुलियत सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७६ बमोजिम माथि उल्लिखित जिल्लाहरुमा यो कार्यक्रम कार्यान्वयन हुनेछ ।

बजेट

यो कार्यक्रम हुम्ला, मुगु र डोल्पा जिल्लाका पुर्ण अपांग तथा जेष्ठ नागरिकहरुलाई लक्षित गरि सञ्चालन गरिनेछ र यसका लागी लागी रु १ करोड बजेट विनियोजन गरिएको छ ।

सचिव

## ३७. मानव वन्यजन्तु द्धन्द्वको अवस्था अध्ययन गरी प्रचार प्रसार सामाग्री  प्रकाशन तथा वितरण

पृष्ठभुमि

यस कार्यक्रम अन्तरर्गत वन क्षेत्र वा जंगल नजिक भएका वस्तीहरु र वन्यजन्तुको मानव समाजमा प्रवेश गर्ने कार्यको अध्ययन गरी हिस्रंक वन्यजन्तुबाट मानिसलाई जोगाउन र वन्यजन्तुहरुको समेत संरक्षण गर्न आवश्यक अध्ययन तथा सो सम्बन्धि जनचेतनाका लागि प्रचार प्रसार गर्न यो कार्यक्रम समावेश गरिएको छ ।

उद्देश्य

- वन्यजन्तुबाट मानव समुदायमा हुने जोखिमको प्रदेश भित्रको अवस्था तथा वस्तुस्थिति अध्ययन गरी प्रतिवेदन तयार गर्ने,
- वन्यजन्तुबाट हुने बालीनाली विनास, मानवीय तथा भौतिक क्षतिको कम गर्न र वन्यजन्तु संरक्षणका लागि सचेतना कार्यक्रम संचालन गर्ने,
- मानव समुदायबाट वन्यजन्तुलाई हुने जोखिम र वन्यजन्तुबाट मानव समुदायमा हुने क्षति तथा जोखिमको नियन्त्रण गर्न सचेतना अभिवृद्धी गर्ने ।

कार्यक्रम कार्यान्वयन कार्यविधि

- मानव वन्यजन्तु द्धन्द्वको अवस्था अध्ययन गर्न मन्त्रालयले अध्ययन समिति बनाई कार्यविवरण तोकी परामर्शदाता मार्फत अध्ययन गर्ने गराउने ।
- अध्ययन गरि प्राप्त प्रतिवेदनका आधारमा सूचना सामाग्री तथा कार्यशाला संचालनका सम्बन्धमा आवश्यक कार्य गर्ने ।
- प्रदेशस्तरिय सम्भावित जोखिमका क्षेत्रहरुको नक्साङ्कन गरी एकिकृत अभिलेख तयार गर्ने ।
- सम्भावित जोखिमका क्षेत्र तथा वन क्षेत्र मानव आवतजावत हुने ठाउँमा अध्ययन प्रतिवेदन बमोजिम मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको लागि सचेतनामुलक सामाग्रीहरु जस्तै होडिङ्ग बोर्ड लगायतका सूचनामुलक जानकारीहरु राख्ने र प्रचारप्रसार सामाग्रीहरु प्रकाशन तथा प्रसारण गर्ने ।

बजेट

यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला संचालन गरिनेछ र यसका लागी रु ११ लाख बजेट विनियोजन गरिएको छ ।

सचिव

## अनुसूचिहरु

### अनुसूचि १ अनुगमन तथा सूपरीवेक्षण

- वोलपत्रद्धारा सम्पादित कार्यको हकमा कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा सम्बन्धित प्राविधिक र स्थानीय तहका प्रतिनिधि सम्मीलित अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।
- उपभोक्ता समितिबाट संचालन गरिने योजनाको हकमा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ अनुसार अनुगमन तथा सूपरिवेक्षण कार्य गर्ने गराउने ।
- सम्बन्धित स्थानीय तह, उपभोक्ता समिति र अन्य सरोकारवालाहरुको समन्वय र सहभागितामा यस कार्यक्रम अन्तर्गतका कृयाकलापहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन कार्य मन्त्रालय, सम्बन्धीत निर्देशनालय, जिल्ला समन्वय समिति, जिल्ला स्थित कार्यालयहरु मार्फत गरिनेछ ।
- सम्झौता अनुसारको काम सम्पन्न भएपछि कार्यसम्पन्न भए नभएको स्थलगत निरीक्षण गरी सो को प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने साथै जटिल प्राविधिक विषयका योजना तथा निर्माण कार्यको अनुगमन तथा प्रविधिक सुपरिवेक्षण गर्नको लागि प्राविधिक सेवा खरिद गरी गर्न सकिनेछ ।
- यस मन्त्रालय वा मातहतका निकायहरुबाट सम्पादित कार्यक्रम तथा योजनाहरु सम्बन्धित मन्त्रालय, निर्देशनालय र प्रदेश सरकारका अन्य निकायहरु बाट कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम अनुगमन गरिनेछ, साथै प्रदेश सभा सदस्य तथा समितिहरु बाट समेत अनुगमन तथा सूपरिवेक्षण गर्न सक्नेछ ।

### अनुसूचि २ भूक्तानि प्रक्रिया

- सम्झौता अनुसारको काम सम्पन्न भएपछि सो को प्राविधिक प्रतिवेदन सहित कार्यसम्पन्न भएको जानकारी लिखित रुपमा गर्नुपर्नेछ ।
- प्राप्त जानकारी अनुरुप कार्यसम्पन्न भए नभएको स्थलगत निरीक्षण गरी सो को प्राविधिक प्रतिवेदन पेश भएपछि ल.ई. मध्ये सम्पन्न कामको भुक्तानी गरिनेछ ।
- यसरी भुक्तानि गर्दा निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, अग्रीम आयकर, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा (उ.स. मार्फत भएमा) गरेर मात्र भुक्तानी दिनु पर्नेछ ।
- यसका साथै कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, ठेक्का विल, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन (उ.स. मार्फत भएमा), सुपरिवेक्षण तथा अनुगमन प्रतिवेदन (फोटो सहित), कार्यक्रम पाश्वचित्र (Activity Profile) समेत पेश गर्नुपर्नेछ ।
- कार्यसञ्चालन सहजताको लागि सम्पन्न कामको आधारमा रनिङ्गविल अनुसारको भुक्तानी गर्न सकिने छ ।

## अनुसूचि ३ कार्यक्रम पाश्वचित्र (Activity Profile)

कार्यक्रमको नाम :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृयाकलापको नाम : | | | कार्यक्रमको नाम : | | | | |
| २ | स्थान: | गा पा / न पा : | | वडा नं: | | गाउ/टोल: | | |
| | कार्यक्रम संचालन भएको स्थानको | अक्षांश : | | | | देशान्तर : | | |
| ३ | माइटको वर्तमान समस्या : | | | | | | | |
| ४ | लागत विवरण : | | | | | | | |
| | अनुमानित लागत : | जम्मा : - | | कार्यलय :- | | उपभोक्ता :- | अन्य निकाय :- | |
| | वास्तविक खर्च : | जम्मा : - | | कार्यलय :- | | उपभोक्ता :- | अन्य निकाय :- | |
| ५ | कार्यक्रम संचालन गर्नाको उध्यश्य : | | | | | | | |
| ६ | कार्यक्रम संचालन गर्दा प्रयोग गरिएका विधि, तरिका र नापहरु तथा खरिद गरेका मुख्य मुख्य सामाग्रिहरुको मात्रा समेत : | | | | | | | |
| ७ | कार्यक्रम संचालन प्रकृया : | | | | | | | |
| ८ | रोजगारी श्रृजना श्रम दिन :- | | | | | | | |
| ९ | कार्यक्रम संचालन गर्दा रोपण गरिएको बिरुवाहरुको संख्या तथा मुख्य मुख्य प्रजातिहरु | बीरुवा संख्या | | मुख्य मुख्य प्रजातिहरु | | | | |
| १० | जनलेखा परिक्षणको अवस्था | भएको : | नभएको : | जनलेखा परिक्षणमा उपस्थीत स्थानिय तह का प्रतिनिधिको नाम | | | | |
| | | | | सम्पर्क नं | | | | |
| ११ | सुचना पाटी | राखिएको :- | | नराखिएको :- | | | | |
| १२ | लैंगिक तथा सामाजिक अवस्थाको वारेमा कार्यक्रमवाट गरिएको विचार :- | | | | | | | |
| १३ | प्रभाव तथा असर : | | | | | | | |
| १४ | लाभान्वित घरधुरी :- | जम्मा :- | | दलित :- | | जनजाती :- | अन्य :- | |
| १५ | समस्या / वाधा अड्चन :- | | | | | | | |
| १६ | कार्यक्रमको मर्मत संभार / दिगोपनाको लागी गरिएको योजना :- | | | | | | | |
| १७ | कार्यक्रमवाट प्राप्त सिकाई :- | | | | | | | |
| १८ | अन्य | समुह तथा निर्माण व्यवसायीको नाम :- | | | | | | |
| | | अध्यक्ष तथा प्रमुख:- | | | | | | |
| | | अध्यक्ष तथा प्रमुखको सम्पर्क नं :- | | | | | | |
| | | साईट ईन्चार्ज :- | | | | | | |
| | | कार्यालय प्रमुख :- | | | | | | |
| कार्यक्रमको फोटोहरु एकै स्थानको एउटै कोणवाट खिचिएको विभिन्न चरणका फोटोहरु अनिवार्य रुपमा राख्ने | | | | | | | | |

कार्यक्रम संचालन भन्दा अगाडिको फोटो — कार्यक्रम संचालन हुदै गर्दाको फोटो — कार्यक्रम सम्पन्न भएपछिको फोटो